# वनको पुकार

■ बासु काफ्ले

पाखा भीर र खेत-बारि सबको आधार मै हुँ सखे
पैह्रो जान म दिन्न रोक्दछु कहीं बाढी, हुरी नै भए
बालीमा मलको म स्रोत सजिलो झार्पात गल्छन् जब
हाली खेत हराभरा कृषकले पार्छन्, खुसी छन् सब ।

मेरो ज्यान नमास हे मनुज हो धेरै गुणी वस्तु हुँ
मेरो प्राण नखोस हे जनहरु शीतोष्ठाता दिन्छु म
मेरो साथ बसेर जीव वनका सानन्द ज्यूँदै रहून्
पन्छीका नउजाड वास जन हो ! सहर्ष नाच्दै रहून् ।

वर्षामा अथवा शिशिर ऋतुमा खप्दै कडा यातना
हर्षैले रसिला वसन्त ऋतुमा खुल्दा नयाँ भावना
राम्रा फूल सुवासले र फलका माधुर्य आस्वादमा
प्रेमी हर्ष विभोर भै प्रकृतिका भुल्छन् नि संसारमा ।

डाँडामा वनका नमार कलिला पोथ्रा बढुन् है बरा
पाखामा हरिया उमार बिरुवा सुक्खा नहोऊन् गरा
हे मेरा प्रिय बन्धु मानवहरु आई सजाओ घर
मेरो वास सदा सुरक्षित गरी आफ्नै सुरक्षा गर ।

सोखी प्राकृतका सुभाव मनका सौन्दर्यका सर्जक
पाली वन्य चरा जगत् र जननी सम्मान द्यौ सार्थक
वर्षाको सजिलो म स्रोत रसिलो भूमी हुने उर्वरा
राम्रो के छ सुखा कि सोंच हरिया तिम्रै परें निर्भर ।

(बासु काफ्ले शिक्षक हुनुहुन्छ ।)